# वराहक्षेत्रको प्राचीनतम वराहमाथि एक संक्षिप्त टिप्पणी

– रमेशजंग थापा

नेपालमा विष्णुको वराह अवतार सम्बन्धी मूर्तिहरू अपेक्षाकृत सीमित संख्यामा पाइन्छ । त्यसमाथि पनि यसको प्राचीन उदाहरण त झन एकदमै कम छ । अहिले सम्म काठमाडौं उपत्यकाको धुमवाराही क्षेत्रको सुप्रसिद्ध वराह मूर्तिलाई नेपालको सर्वश्रेष्ठ र पुरानो मूर्ति मानिआएकोमा यता आएर कसै कसैले भादगाउँ (सिद्धपोखरी) को अपेक्षाकृत निकै सानो एउटा वराह मूर्तिलाई यस परम्पराको प्राचीनतम उदाहरणको रूपमा प्रस्तुत गर्न खोजेको देखिन्छ (१)। यो सत्यको कति नजिक छ भन्ने कुरा अझै एउटा वादविवाद र गहिरो अध्ययनको विषय भएकोले यहाँ यसको धेरै चर्चा गरिने छैन । उपरोक्त दुई मूर्तिका अतिरिक्त, पछिल्लो कालको, दसावतारका सिलसिलामा प्रतिनिधित्व भएको वराह मूर्ति उपत्यकाको अन्य स्थानहरूमा पनि पाइन्छ । वास्तवमा, काठमाडौं उपत्यकामा वराहको धार्मिक प्रभाव र लिच्छविकालमा नै जनजीवनमा यसको लोकप्रियताको निश्चित प्रमाण अभिलेखबाट पनि पाइन्छ (२)। अर्कातिर, पश्चिम नेपालमा पनि पुरातात्त्विक अन्वेषणका सिलसिलामा पूर्व–मध्यकालीन वराहको एउटा

---

१. रूद्रमती (धोबीखोला) को नजिक धुमवाराही क्षेत्रमा रहेको वराहको यो भव्य र विशाल मूर्तिको कालनिर्धारणका सम्बन्धमा मतभिन्नता पाइन्छ । यस मूर्तिको निर्माण काल कसैले पांचौं कसै कसैले छैठौं र अझै अर्को थरिले सातौं शताब्दी हुनु पर्ने अनुमान गरेको छ । श्री मदनजीत सिंहले पांचौं, डा० पालले अघि छैठौं र पछिको प्रकाशनमा सातौं तथा श्रीमती मेरी स्लुसर र श्री गौतम बज्रले निश्चित रूपमा छैठौं शताब्दी हुनु पर्ने मत व्यक्त गरेको छ । यति मात्र होइन श्रीमती मेरी स्लुसर र श्री गौतम बज्रले, 'गोपाल राजवंशावली मा वर्णित धरणीवराह विष्णु यही नै हुनुपर्ने र भौम गुप्तले ईशाको ५६७ देखि ५९० को बीचमा यसको स्थापना भएको हुनुपर्ने, कुरामा विशेष जोड दिएको समेत पाइन्छ । डा. पालले आफ्नो पुस्तक'Vaisnava Iconology In Nepal' मा धुमवाराहीको यो वराहलाई, बुध गुप्तको दामोदरपुर ताम्रलेखमा उल्लिखित श्वेतवराह स्वामी हुन सक्ने तर्क प्रस्तुत गर्नु भएको छ । यो तर्क विश्वसनीय नभएकोले स्वीकार योग्य छैन । धुमवाराहीको वराह मूर्ति ईशाको छैठौं शताब्दी ताका नै निर्माण भएको हुनुपर्छ भन्ने कुरामा कुनै द्विविधा छैन । धुमवाराहीको वराहका सम्बन्धमा व्यापक अध्ययनका लागि निम्न बमोजिमको पुस्तकहरू हेर्नु होस्–

1. P. Pal, Vaisnava Iconology In Nepal.
2. Slusser and Gautamavajra, Some Nepalese stone sculptures: A Reappraisal within Their cultural And Historical Context.
3. P. Pal, The Arts of Nepal, Vol I, Sculpture.

२. नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको शिलालेखमा यसको उदाहरण पाइन्छ । विशेष अध्ययनका लागि "अभिलेख संग्रह" भाग १ (संशोधन मण्डल) श्री हरिराम जोशीको "नेपालको प्राचीन अभिलेख" र श्री धनबज्र बज्राचार्यको "लिच्छविकालका अभिलेख" हेर्नु होस् ।

राम्रो उदाहरण फेला परेको छ (३)। पश्चिम नेपालको अन्वेषणको क्रममा वराहको यो भन्दा पुरानो नमूना फेला पार्न सकिएको छैन।

उपरोक्त पृष्ठभूमिमा, यस संक्षिप्त टिप्पणीमा, पूर्वी नेपाल स्थित वराहक्षेत्रको त्यस प्राचीनतम र सर्वश्रेष्ठ वराह मूर्तिको चित्र र विवरण यहाँ पहिलो पटक दिन लागेको छु। यसको परिचय नेपाली कला-इतिहासको अहिले सम्म प्रकाशित महत्त्वपूर्ण पुस्तकहरूमा समेत दिइएको छैन। वराहक्षेत्रको यो वराह मूर्ति १५६ सेण्टीमिटर अग्लो र ७७ सेण्टीमिटर चौडा छ (चित्र नं. १,२,३)। यसको सिरो भाग र बाहुली कालक्रमले गर्दा र पहिरोमा परेर नराम्ररी फुटेको छ। वराहको देब्रे पाउलाई आदिशेषले आफ्नो अञ्जलीमा ग्रहण गरेको छ भने भगवानको दाहिने पाउ बडो अपठ्यारो प्रकारले आदिशेषकै शरीर माथि कठोरताका साथ स्थिर छ। यसै प्रकारले देब्रे बाहुली, वराहको देब्रे घाउको घुंडा माथि बलियोसंग अडेको छ। दाहिने बाहुलीको प्रायः पुरै भाग फुटेकोले त्यहाँ पृथ्वीको प्रतिनिधित्व भएको थियो-थिएन वा भए कस्तो थियो भन्ने कुरा निश्चय गर्न सकिने अवस्था छैन। वराहको घाँटीमा हार देखिन्छ, तर धुमवाराहीको वराह विपरीत वराहक्षेत्रको यो वराहले यज्ञोपवित ग्रहण गरेको देखिंदैन। शरीरको सन्तुलन माथि विचार गर्दा सम्पूर्ण प्रस्तुतिकरण बोझिलो देखिन्छ। पेटको भाग अपेक्षाकृत ठूलो देखिन्छ। कदाचित आदिशेषको प्रस्तुतिकरण, अहिलेसम्म उपलब्ध अन्य मूर्तिहरू भन्दा स्वाभाविक र भावपूर्ण छ। आदिशेषको भाव विस्मय, भय र करूणामिश्रित छ। परिधान (वस्त्र) प्राचीनतम शैलीमा प्रस्तुत गरिएको पाइन्छ। साथै मूर्तिको पादपीठको दाहिने कुनामा भक्तगणलाई आराधना गर्न लागेको मुद्रामा देखाइएको छ।

उपरोक्त मूर्तिको सबै लक्षण र पक्षहरू माथि विचार गर्दा यसको निर्माण ईशाको चतुर्थ शताब्दी ताका भएको अनुभव हुन्छ। स्पष्टतः वराहको यो मूर्ति कुषाणकालीन प्रभावबाट पूर्णतः मुक्त हुन सकेको छैन। अझै अर्को किसिमसंग भन्ने हो भने यसमा कुषाणकालीन विशेषता र लक्षणहरू बढी मात्रामा प्रतिबिम्बित भएको पाइन्छ। कुषाणकालका कतिपय मूर्तिहरूसंग यसको तुलनात्मक अध्ययन गर्दा यो कुरा स्पष्ट हुन्छ (४)। अर्कातिर यति प्राचीन मूर्ति वराहक्षेत्रमा फेला परेकोले बुध गुप्तको ईशाको पांचौं शताब्दीको दामोदरपुर ताम्रलेखमा उल्लिखित विवरणलाई पुष्ट्याईं र बल मिलेको छ (५)। साथै सो अभिलेखमा उल्लेख भएको वराह मूर्ति मध्येको एउटा वराह मूर्ति यही नै हुनु पर्ने बलियो संभावनालाई सहजै अस्वीकार गर्न सकिंदैन। यस प्रकारले यस असाधारण मूर्तिको श्रेष्ठतम महत्त्व स्पष्ट हुन्छ।


वराहक्षेत्रमा नै, उपरोक्त मूर्ति भन्दा केही शताब्दीहरू पछिको, एउटा अर्को प्राचीन र भव्य मूर्ति पनि देखिएको छ (चित्र नं. ४)। यसमा ठूलो गति, ओज र दृढताको प्रदर्शन भएको पाइन्छ। यस मूर्तिका साथै वराहक्षेत्रमा पाइने वराहका अन्य धेरै मूर्तिहरूको चर्चा गर्ने यस संक्षिप्त टिप्पणीको तुरून्तको उद्देश्य नभएकोले यसबारेमा यहाँ धेरै छलफल गरिने छैन।

३. पश्चिम नेपाल सम्बन्धी सामग्रीहरूका लागि हेर्नु होस्, पुरातत्व विभागको मुखपुत्र, प्राचीन नेपालको संयुक्ताङ्क (संख्या ३०-३९)।

४. यस सिलसिलामा कुषाणकालीन मूर्तिहरूको तुलनात्मक अध्ययनका लागि John M. Rosenfield को "The Dynastic Arts of The Kushans" हेर्नु होस्।

५. बुध गुप्तको यस दामोदरपुर ताम्रपत्रमा कोकामुख स्वामी र श्वेतवराह स्वामीको उल्लेख भएको छ। कोशी र कोकाको संगममा अवस्थित वराहक्षेत्र प्राचीनकालदेखि नै एउटा प्रसिद्ध तिर्थस्थल थियो। पाँचौं शताब्दीमा, बुध गुप्तको समयमा यसको ख्याति भारतको विस्तृत भूभागसम्म फैलिएको थियो। महाभारत, ब्रह्म पुराण, वराह पुराण आदिमा पनि यी देवताहरूको उल्लेख भएको पाइन्छ।

वराहको यो मूर्ति वराहक्षेत्रको वर्तमान तिर्थस्थल निरने पहिरो जांदा निस्किएको हो। गत वर्ष र सो भन्दा अघि पनि वराहक्षेत्रको भ्रमणमा जांदा पहिरो गएको ठाउँको अवलोकन गर्ने अवसर पाएको थिएँ। वराहक्षेत्रको सबै भन्दा विशाल यो मूर्ति अहिले उत्तर तर्फको एउटा सानो र साधारण मन्दिर भित्र राखिएको छ।



प्राचीनतम वराहमूर्तिको तल्लो भाग (नजीकबाट)



प्राचीनतम वराहमूर्तिको बीचको भाग (नजीकबाट)



वराहक्षेत्रको दोस्रो प्राचीन वराहमूर्ति

सारांशमा, बराह क्षेत्रको पहिलो विशाल मूर्तिले नेपाली मूर्तिकलालाई असीम गरिमा प्रदान गरेको छ। साथै नेपाली कला-इतिहासका अन्वेषकहरूकोलागि यो एउटा नयाँ जिज्ञासाको विषय पनि बनेको छ। उल्लिखित मूर्ति, नेपालमा मात्र नभई, पूरा भारतीय उपमहाद्विपमा नै आजसम्म फेला परेको विष्णुको वराह अवतार सम्बन्धी प्राचीनतम मूर्तिहरू मध्ये एक हो।